प्रिय दक्षिणी (साउथ) समुदाय,

मैले हाम्रो नोभेम्बर ५ को सामुदायिक मञ्चमा सुपरिटेन्डेन्ट टम बोसबर्ग र प्रमुख स्कूलहरूको अधिकारी सुसाना कोर्डोभासँग फलो अप गर्न चाहेको थिएँ। झण्डै एकसय मानिसहरूको उपस्थितिमा, हामीले प्रिन्सिपल चयन प्रक्रिया बारे सशक्त वार्तालाप गर्‍यौं।

साउथका लागि तपाईंहरूका आशाहरू र आगामी प्रिन्सिपलका अपेक्षित विशेषताहरूका बारेमा विद्यार्थीहरू, स्टाफ र अभिभावकहरूलाई सजीव र तीब्र वार्तालापहरूमा संलग्न भएको सुन्नाले हामीलाई आगामी नेतृत्वकर्ताहरूमा कस्ता विशेषताहरू खोजीरहेका छौं भन्ने बारेमा बढी स्पष्टता प्रदान गर्न मद्दत गरेको छ। समुदायका बैठकहरू र सरोकारवालाहरूसँगका अन्य सत्रहरूले हामीलाई प्रिन्सिपलको पद पूर्ति परिमार्जन गर्न थप मद्दत गरेको छ।

हामी अगाडि बढीरहँदा, छनोट प्रक्रियाले विभिन्न समूहहरूका लागि संलग्नताका धेरै बिन्दुहरू सामेल गरिरहनेछ।

स्टाफ, विद्यार्थीहरू, अभिभावकहरू र स्कूल प्रिन्सिपल छनोट सल्लाहकार समितिमा भाग लिने अन्य समुदायका सदस्यहरूलाई धन्यवाद। फाइनलिस्टहरूका लागि बेलुकीको मञ्च सहित, उम्मेद्वारहरूलाई भेट्ने अवसरहरू अन्य स्टाफ, अभिभावकहरू र विद्यार्थीहरूलाई हुनेछन्।

फाइनलिस्टहरूलाई निमित्त सुपरिटेन्डेन्टतिर लगिनेछ, किनकि सुपरिटेन्डेन्ट बोसबर्ग छुट्टीमा हुनुहुनेछ। निमित्त सुपरिटेन्डेन्टले अन्तिम छनोट गर्दा तपाईंहरूले दिएका सबै सुझावहरू विचार गर्नुहुनेछ।

यस महत्वपूर्ण प्रक्रियामा तपाईंको सहयोग र संलग्नताका लागि धन्यवाद। खोजी प्रक्रियाका लागि अपडेट (अध्याबधिक) गरिएको समयतालिका मैले तल सामेल गरेको छु।  यदि अन्य केही प्रश्नहरू भए कृपया मलाई जानकारी दिनुहोस्।

निष्ठापूर्वक,

डा. स्कट मेन्डेल्सबर्ग
शैक्षणिक सुपरिटेन्डेन्ट
डेनभर पब्लिक स्कूल्स
Scott_Mendelsberg@dpsk12.org

**प्रिन्सिपल छनोट प्रक्रियाको परिमार्जित समयतालिका – साउथ**

**अक्टोबर – नोभेम्बर २०१५**
- उम्मेद्वारहरूको झुण्डको अनुगमन गर्ने (जारी)
- विद्यार्थी नेतृत्व आउटरिच
- सिएससि सल्लाहकार समिति र फोकस समूहहरूबाट अन्तिम सिफारिस (अक्टोबर १५)
- सल्लाहकार समिति, फोकस समूहका सदस्यहरू निश्चित गर्ने र तालिम प्रदान गर्ने (अक्टोबर ३०)
- टम बोसबर्ग र एन्ने रोवेसँग सामुदायिक सल्लाह (इनपुट) सत्र (नोभेम्बर ४)
- डिसेम्बर एसेसमेन्ट केन्द्रमा सहभागी हुने बाहिरी उम्मेद्वारहरू निर्धारित गर्ने

**डिसेम्बर २०१५**
- अन्तरिम प्रिन्सिपलले सुरु गर्ने
- एसेसमेन्ट केन्द्र र बाह्य उम्मेद्वारहरूका लागि कौशल विकास गर्ने

**जनवरी २०१६**
- अतिरिक्त उम्मेद्वारहरूका लागि एसेसमेन्ट केन्द्र (आन्तरिक र बाह्य)

**फेब्रुअरी २०१६**
- स्कूल प्रक्रिया : अन्तर्वार्ता लर्निङ वाक, सामुदायिक मञ्च, निमित्त सुपरिन्टेन्डेन्टसँग अन्तर्वार्ता (फेब्रुअरी १ को हप्ता)
- नयाँ प्रिन्सिपलको नामाकरण (फेब्रुअरी ८ को हप्ता)